आ.व. ०७७०७८
वैठकः- नगर कार्यपालिका वैठक
अध्यक्षताः- नगर प्रमुख अशोक कुमार शाही

वैठक नं. १९।०७७०७८
मितिः-२०७८।१।१७ गते
स्थानः- ता.न.पा सभाहल
समयः- विहान ८.०० वजे

तानसेन नगर कार्यपालिकाको वैठक तानसेन नगरपालिकाका नगर प्रमुख **श्री अशोक कुमार शाही** ज्युको अध्यक्षतामा नगर कार्यपालिकाका देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

## उपस्थिति

| नाम थर | पद | ठेगाना | कार्यपालिका | उपस्थिति |
|---|---|---|---|---|
| श्री अशोक कुमार शाही | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष | |
| श्री लक्ष्मीदेवी पाठक | नगर उपप्रमुख | ता.न.पा. ९ | सदस्य | |
| श्री दामोदर प्रसाद घिमिरे(प्रवक्ता) | वडा अध्यक्ष | ता.न.पा. ११ | सदस्य | |
| श्री रामप्रसाद वस्याल | वडा अध्यक्ष | ता.न.पा १ | सदस्य | |
| श्री बरुणप्रसाद रेग्मी | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य | |
| श्री महेशलाल शाक्य | वडा अध्यक्ष | ता.न.पा. ३ | सदस्य | |
| श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य | |
| श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य | |
| श्री मुक्तिराम जि.सी. | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य | |
| श्री रामप्रसाद घिमिरे | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य | |
| श्री हरिसुमर रेग्मी | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य | |
| श्री लोचनप्रसाद तिमिल्सिना | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य | |
| श्री देवेन्द्र बहादुर राना | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य | |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य | |
| श्री कमल राना | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य | |
| श्री शशी श्रेष्ठ | का.पा. सदस्य | ता.न.पा.१ | सदस्य | |
| श्री सुनिता श्रेष्ठ वैजु | का.पा. सदस्य | ता.न.पा.३ | सदस्य | |
| श्री मैयादेवी घिमिरे | का.पा. सदस्य | ता.न.पा.६ | सदस्य | |
| श्री बुद्धिसरा वि.क. | का.पा. सदस्य | ता.न.पा.१० | सदस्य | |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| श्री कमला भण्डारी | का.पा. सदस्य | ता.न.पा.१३ | सदस्य |
| श्री दिपक विश्वकर्मा | का.पा. सदस्य | ता.न.पा.५ | सदस्य |
| श्री विमला वौडेल | का.पा. सदस्य | ता.न.पा.८ | सदस्य |
| श्री भीम बहादुर कुमाल | का.पा. सदस्य | ता.न.पा.७ | सदस्य |
| श्री पिताम्बर पाण्डे | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा | सचिव |

आमन्त्रित

| | | |
|---|---|---|
| श्री गणेश बहादुर थापा | का.वा. वडा अध्यक्ष | ता.न.पा ४ |

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**निर्णय नं. १**

तानसेन नगरपालिका क्षेत्र भित्र भूमिहिन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत संकलन कार्य अगाडि बढाइएकोमा हालको दोश्रो चरणको काभिड-१९ को महामारिको कारण यसको रोकथाम, उपचार र नियन्त्रणको लागि जिल्ला प्रशासन कार्यालय, पाल्पाबाट मिति २०७८।१।१७ गते अपरान्ह १२:०० बजेदेखि गरिएको निशेधाज्ञाका कारण उक्त कार्य अगाडि बढाउन नसकिने भएकोले म्याद थपको लागि भूमि सम्वन्धी समस्या समाधान आयोग जिल्ला समिति, पाल्पा मार्फत नेपाल सरकार भूमि सम्बन्धी समस्या समाधान आयोग, ताहाचल, काठमाण्डौंमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

पाल्पा जिल्ला CCMC को वैठकवाट भएको निर्णयका वारेमा जानकारी गराईयो ।

**निर्णय नं. ३**

निशेधाज्ञाको समयमा तानसेन नगरपालिकाको प्रशासनिक कर्मचारीहरु लगायत स्वास्थ्य शाखा र सरसफाई शाखामा अत्यावस्यक सेवामा खटिने कर्मचारीहरुको विवरण जिल्ला प्रशासन कार्यालय पाल्पामा जानकारी सहित पठाउने निर्णय गरियो ।

**निर्णय नं. ४**

पाल्पा सि.सि.एम.सी को मिति २०७८।१।१५ गते वसेको वैठकको निर्णय नं. १३ वमोजिम कोभिड १९ को संक्रमण रोकथाम, व्यवस्थापन, सहजिकरण, समन्वय तथा निगरानीका लागि १४ वटै वडाहरुमा देहाय वमोजिमको कार्य समुह (Action Team) गठन गर्ने निर्णय्र गरियो ।

| | |
|---|---|
| संयोजक | सम्वन्धीत वडाका वडा अध्यक्ष |
| सदस्य | प्रमुख स्थानीय स्वास्थ्य चौकी |
| सदस्य | प्रमुख स्थानीय प्रहरी चौकी |
| सदस्य | प्रमुख वडास्तरमा क्रियाशिल राजनैतिक दलहरु |
| सदस्य | महिला स्वास्थ्य स्वयंसेविका |
| सदस्य सचिव | वडा सचिव |

**निर्णय नं. ५**

विगतको समयमा तानसेन नगरपालिका भित्र संचालन भएका एम्वुलेन्सहरुको विषयमा विभिन्न गुनासोहरु आएकोले सो विषयमा हाल त्यस्तो अवस्था आउन नदिनका लागि एम्वुलेन्स संचालक संस्थाहरुलाई पत्राचार तथा समन्वय गरी एम्वुलेन्स सेवालाई थप प्रभावकारी वनाउने निर्णय गरियो ।

**निर्णय नं. ६**

तानसेन नगरपालिका क्षेत्र छिमेकी देश भारत जाने तथा आउने मानिसहरुको ट्रान्जीट स्थान भएकोले कोभिड १९ को दोश्रो चरणको संक्रमण चरम रुपमा वढेको छ । यो अवस्थालाई न्युनिकरण गर्न हाललाई कोभिड विशेष शिर्षकवाट खर्च गर्नेगरी ५०० थान भि.टी.एम. का साथै अत्ति आवस्यक स्वास्थ्य सुरक्षणका सामाग्रीहरु -मााक्स, पंजा, सेनिटाईजर, हाईपो सोडियम क्लाराईडे, सावुन र पिपिई सेट खरिद गर्ने निर्णय गरियो ।

नगर प्रमुख

[illegible] पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**निर्णय नं. ७**

कोभिड १९ को परिक्षण गर्न तानसेन नगरपालिकालाई प्राप्त हुन आएको ५०० थान एन्टिजीन कोभिड १९ को दोश्रो चरणको संक्रमण चरम रुपमा बढेको अवस्थामा १(एक) हप्तालाई समेत नपुग हुने देखिएकोले स्वास्थ्य कार्यालयमा थप एन्टिजीन माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

निशेधाज्ञा समय अवधीका लागि तानसेन नगरपालिका र अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरु, वडा कार्यालयहरुमा अत्यावस्यक सेवाहरु मात्र सुचारु गर्ने र देहायका कर्मचारीहरुको उपस्थितिमा कार्यालयहरु संचालन गर्ने साथै उक्त समयमा काममा खटिने कर्मचारीहरुको लागि तलबमानको ३० प्रतिशतले हुन आउने रकम प्रोत्साहन वापत रकम उपलब्ध गराउने निर्णय गरियो ।

क) तानसेन नगरपालिका:

- प्रमुख प्रमुख प्रशासकीय अधिकृत श्री पिताम्वर पाण्डे
- आर्थिक प्रशासन शाखा प्रमुख श्री कोशलराज घिमिरे
- प्रशासन शाखा प्रमुख श्री भरतप्रसाद आचार्य
- स्टोर प्रमुख श्री रामजी वहादुर कार्की
- राजश्व शाखा स.क.अ श्री प्रशुमा महर्जन
- चौकीदार श्री मोहन ब.काफ्ले

ख) सरसफाई शाखा प्रमुख सुपरभाईजर लगायत सवै सरसफाईकर्मीहरु ।

ग) वडा कार्यालय वडा सचिव समेत २ जना ।

घ) स्वास्थ्य शाखा र संस्था अन्तर्गतका २७ जना थप वर्थिङ्ग सेन्टरमा कार्यरत का.स. समेत ।

- ➢ उल्लेखित कर्मचारी वाहेक अन्य सम्पुर्ण कर्मचारीहरु अनकलमा रहने र आवस्यक पर्दा कार्यालयमा उपस्थित हुनुपर्ने छ। उपस्थित कर्मचारीको हकमा माथि उल्लेखित सेवा सुविधा उपलब्ध गराईने छ ।
- ➢ स्वास्थ्य शाखाका कर्मचारीहरुवाट स्वाव कलेक्सन गर्न देहायको स्थान तोकीएको छ भने स्वाव कलेक्सन गर्न जाँदा तानसेन टुडिखेलको हकमा प्रति व्यक्ति २०० खाजा खर्च मात्र दिईनेछ भने अन्य तोकीएको केन्द्रको हकमा प्रतिदिन प्रति व्यक्ति वढिमा ५ जनालाई रु. १०००। भत्ता र रु. २००। खाजा खर्च वापत उपलब्ध गराईने छ ।
  **स्थान:** टुडिखेल, अर्गली, चण्डीभन्ज्याङ, प्रभास र दमकडा

**निर्णय नं. ९**

तानसेन नगरपालिका स्थित विभिन्न अस्पतालहरुमा सेवाग्राहीहरुले सेवा लिने सम्वन्धी विषयमा समय समयमा विभिन्न समस्याहरु भोग्न परेको सन्दर्भमा सवै स्वास्थ्य संस्थाहरुसंग आवस्यक समन्वय तथा सहजीकरण गरी सम्वाद एवं छलफलद्धारा निराकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

तानसेन नगरपालिकाको सम्पुर्ण जनप्रतिनिधीहरु र सम्पुर्ण कर्मचारीहरुलाई सामुहिक स्वास्थ्य विमाको लागि जानकारी लिई प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

पिताम्वर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

Scanned with CamScanner